फोन नं. (Tel. No.) ०१-४४५१२४२ (01-4451242)
०१-४४५०३५६ (01-4450356)
०१-४४५२००० (01-4452000)

# कागेश्वरी-मनोहरा नगरपालिका
# KAGESHWORI-MANOHARA MUNICIPALITY

नगर कार्यपालिकाको कार्यालय (Office of Municipal Executive)
डाँछी, काठमाडौं, नेपाल (Danchhi, Kathmandu, Nepal)
बागमती प्रदेश (Bagmati Province)

प.स.
च.न. ६०१

मिति: २०७७।६।१४

**विषय: निर्णय कार्यान्वयन गर्ने गराउने सम्वन्धमा ।**

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरू

कागेश्वरी मनोहरा नगरपालिका

काठमाण्डौ ।

प्रस्तुत विषयमा यस नगरपालिकाको प्रधानाध्यापक बैठक, नगर शिक्षा समितिको बैठक र नगर कार्यपालिकासमेतका निर्णयवाट यस शैक्षिक सत्रमा विद्यार्थी सहजिकरण सम्वन्धमा देहाय बमोजिम निर्णय गरेकोले सम्वन्धित सबै विद्यालयहरूले अविलम्व कार्यान्वयन गरी गराइ सोको जानकारी नगरपालिकामा गराउन हुन अनुरोध छ ।

१) **कोभिड १९ को प्रभाव र कक्षा सञ्चालन सम्वन्धमा ।**

विद्यार्थी सिकाइ सहजिकरण निर्देशिका, २०७७ अनुसार नेपाल सरकारले तोके अनुसार स्वास्थ्य मापदण्ड कायम गर्दै नियमित विद्यालय सञ्चालन गर्न नगर शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरेकोले शिक्षकको नियमित उपस्थिति एवम् विद्यालय सञ्चालन गर्ने देहायको विकल्पमध्ये आआफ्नो विद्यालयलाई उपयुक्त विकल्प स्वयम् विद्यालयहरूले छनोट गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा जारी **विद्यार्थी सिकाइ सहजिकरण निर्देशिका, २०७७** एवम् विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना, २०७७ समेतका आधारमा विद्यालयको कार्ययोजना तयार गरी कक्षा सहजिकरण तालिका पेस गर्न सूचना गरिएकोमा हालसम्म पेस नगरेका विद्यालयले अविलम्ब मिति २०७७।०६।१६ गते भित्र नगरपालिकामा कार्ययोजना पेस गर्ने ।

(क) **शिक्षकहरू विद्यालयमा नियमित उपस्थित भै देहाय बमोजिमका कार्य गर्ने गराउने:**

- प्रत्यक्ष वा वैकल्पिक जुनसुकै विधिवाट सिकाई सहजिकरण गर्ने भएतापनि सामुदायिक विद्यालयका शिक्षकहरू नियमित रूपमा विद्यालयमा उपस्थित हुने,
- शिक्षक-विद्यार्थी सम्पर्क स्थापना गर्ने,
- सिकाइ प्रक्रियामा बालबालिकाहरूको सहभागिता सुनिश्चित गराउन विद्यार्थी सहजिकरणका लागि आवश्यक पर्ने सामग्री विकास गर्ने,
- पाठ्यक्रम अनुसार चालु शैक्षिक सत्रमा विद्यार्थीले सिक्नु पर्ने विषयवस्तु, शिक्षण विधि र मूल्याङ्कन प्रकृयाको ढाँचा विकास गरी सोका आधारमा स्वअध्ययन गर्नसमेत मिल्ने सामग्री विकास गर्ने,

फोन नं. (Tel. No.) ०१-४४५१२४२ (01-4451242)
०१-४४५०३५६ (01-4450356)
०१-४४५२००० (01-4452000)

# कागेश्वरी-मनोहरा नगरपालिका
# KAGESHWORI-MANOHARA MUNICIPALITY

नगर कार्यपालिकाको कार्यालय (Office of Municipal Executive)
डाँछी, काठमाडौं, नेपाल (Danchhi, Kathmandu, Nepal)
बागमती प्रदेश (Bagmati Province)

- शिक्षकले विद्यालयमा बसी थप सिकाइ सामग्री तथा प्रत्येक हप्ताको लागि गृह कार्य तयार गर्ने र विद्यालयले विद्यार्थीसम्म पुर्याउने व्यवस्था मिलाउने,
- विद्यार्थी सिकाइ सहजिकरण निर्देशिका, २०७७ अनुसार विद्यालयको स्वीकृत कार्ययोजना अनुसारका कार्य गर्ने,
- तोकिए बमोजिमका अन्य कार्य गर्ने।

(ख) **कक्षा सञ्चालन वा सिकाई सहजिकरण मोडालिटी:**

नेपाल सरकारले तोके अनुसार स्वास्थ्य मापदण्ड पुरा एवम् सामाजिक तथा भौतिक दुरी कायम गर्दै निर्देशिकाको दफा ३३ को उपदफा २ अनुसार नियमित विद्यालय सञ्चालन हुनसक्ने अवस्था गरेकोले अभिभावकहरूको सहमतिमा देहायका विकल्पमध्ये आ आफ्नो विद्यालयका लागि उपयुक्त विकल्पहरू छनोट गरी प्रत्यक्ष शिक्षण सिकाइ क्रियाकलापसमेत गर्न सकिने भएमा जोखिम आङ्कलन गरी कार्य योजना पेस गर्ने:

- संक्रमणको जोखिम उच्च भएका स्थान र धेरै विद्यार्थी संख्या भएका विद्यालयहरूमा समुदायमा सिकाइ केन्द्रहरू तोक्ने र अनलाइन वा अफलाइन तथा कन्ट्याक सेसनहरू मार्फत सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,
- भर्ना एवम् अभिलेखिकरण गरिएका विद्यार्थीहरूको बर्गिकरणका आधारमा वैकल्पिक माध्यमवाट सहजिकरण गर्ने भएमा सम्वन्धित वडाध्यक्ष वा निजले तोकेको वडा सदस्यको उपस्थितिमा विद्यालय व्यवस्थापन समितिको बैठक बसी स्पष्ट कार्ययोजना मिति २०७७।०६।१६ सम्ममा पेस गर्ने,
- कोभिड १९ को जोखिम न्यून रहेको, विद्यार्थी सङ्ख्या न्यून भएको र विद्यालय सेवा क्षेत्र भित्र नै वसोवास रहेका वालवालिकाको लागि बाक्लो बस्ती नभएको स्थानमा अवस्थित विद्यालयमा दैनिक रूपमा प्रत्यक्ष शिक्षण सिकाइ सहजिकरण कक्षा Face to face class सञ्चालन गर्न सम्भव भएमा गर्ने,
- बढी विद्यार्थी भएका विद्यालयले जोर विजोर दिन वा कक्षा वा दुइ सिफ्टमा कक्षागत विभिन्न मोडलमा सम्वन्धित वडा शिक्षा समितिको सहमतिमा साप्ताहिक रूपमा कम्तिमा २ वा ३ दिन प्रत्यक्ष कक्षा सञ्चालन गर्ने वा कन्ट्याक सेसन सञ्चालन गरी र अन्य दिनमा वैकल्पिक माध्यमवाट सहजिकरण गर्ने गरी,
- कक्षा १ देखी कक्षा १२ सम्म जोर बिजोर गरी कक्षा संचालन गर्ने गरी,
- प्रत्यक्ष कक्षा सञ्चालन गर्दा एक वेञ्चमा १ जना मात्र बस्ने गरी जेड सेपमा बसाइ व्यवस्था मिलाउने ,

फोन नं. (Tel. No.) ०१-४४५१२४२ (01-4451242)
०१-४४५०३५६ (01-4450356)
०१-४४५२००० (01-4452000)

# कागेश्वरी-मनोहरा नगरपालिका
# KAGESHWORI-MANOHARA MUNICIPALITY

नगर कार्यपालिकाको कार्यालय (Office of Municipal Executive)
डाँछी, काठमाडौं, नेपाल (Danchhi, Kathmandu, Nepal)
बागमती प्रदेश (Bagmati Province)

- विद्यार्थीको अनुपातमा स्कूलले विद्यार्थीहरूलाई २ सिफ्ट अथवा ३ सिफ्ट गरी पठन पाठन स्कूलमानै गर्ने,
- पूर्व प्राथमिक तहका कक्षाहरू अर्को सूचना नभएसम्म प्रत्यक्ष रूपमा सञ्चालन नगर्ने,
- प्रत्यक्ष कक्षा सञ्चालन गर्ने विद्यालयले विद्यार्थीलाई ल्याउन लैजान बसको प्रयोग नगर्ने,
- मिति २०७७ साल आश्विन ११ गते आईतवार देखी २०७७ आश्विन मसान्तसम्म पहिलो चरणमा कक्षा सञ्चालन गर्ने गरी कार्ययोजना तयार गर्ने,

उदाहरणका निमित्त:

- विद्यालयको विद्यार्थी सङ्ख्या भौगोलिक अवस्था भौतिक सुविधाको उपलब्धता समेतलाई विचार गरी कक्षा १ देखी कक्षा ५ सम्म बिहान ११ बजे देखी २ बजे सम्म
- कक्षा ६ देखी कक्षा १२ सम्म बिहान ७ बजे देखी १० बजे सम्म वा आबश्यक्ता अनुसार दिनको ३ बजे देखी ६ बजे सम्म गर्ने
- विद्यार्थीलाई स्कूलमा पठन पाठन १ दिन गराउने र २ दिनको लागी गृह कार्य दिइ गृहकार्य समेतको परिक्षणको व्यवस्था गर्ने
- पहिलो चरण २०७७ आश्विनसम्म हप्तामा ३ दिन स्कूलमा प्रत्यक्ष पठन पाठन गराउने व्यवस्था मिलाउने

- <u>विद्यालय सेवा क्षेत्रमा कोभिड सङ्क्रमण फैलिएको वा जोखिम बढेको वा वढन सक्ने सम्भावना देखिएमा विद्यालयले नगरपालिका वा सम्वन्धित वडाध्यक्षसंग सम्पर्क गरी जुनसुकै समयमापनि प्रत्यक्ष कक्षा सञ्चालन रोकी नगरपालिकामा जानकारी गराउने र सिकाइ सहजिकरणका लागि अन्य वैकल्पिक विधि अवलम्वन गर्ने कार्ययोजना तयार गरी नगरपालिकामा स्वीकृतिका लागि पेस गर्ने ।</u>

(ग) इमिस अपडेट तथा अभिभावकको सहमति लिने सम्वन्धमा:

- सबै विद्यालयले इमिसमा अपडेट गरेर सो अनुसारका विद्यार्थीका लागि प्रत्यक्ष वा अप्रत्यक्ष कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाई सोको स्पष्ट कक्षागत, विषयगत कक्षा सञ्चालनको ढाँचा र समय तालिका आश्विन १६ गते भित्र नगरपालिकामा स्वीकृतिका लागि पेस गरी नगरपालिकावाट स्वीकृत सिकाई सहजिकरण कार्ययोजना अनुसार गर्ने
- देहायको लिङ्कमासमेत विद्यार्थी बर्गिकरणको विवरण प्रबिष्ठ गर्ने:

https://script.google.com/macros/s/AKfycbzFpPiKXCcdDFPiT१nh१mgV७४fb७nVpwsK३४-X१Rlorh६KW-gAc/exec?v

फोन नं. (Tel. No.) ०१-४४५१२४२ (01-4451242)
०१-४४५०३५६ (01-4450356)
०१-४४५२००० (01-4452000)

कागेश्वरी-मनोहरा नगरपालिका
KAGESHWORI-MANOHARA MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय (Office of Municipal Executive)
डाँछी, काठमाडौं, नेपाल (Danchhi, Kathmandu, Nepal)
बागमती प्रदेश (Bagmati Province)

- स्कूलमा पठन पाठन सञ्चालन गर्नुपूर्व सम्वन्धित अभिभावकलाई बैकल्पिक सिकाई अथवा प्रत्यक्ष स्कूलमा पठन पाठन गर्न आफ्ना वालवालिकालाई पठाउदा माक्स, खाजा, पानी जस्ता आधारभूत सामग्रीसहित पठाउने गरी देहाय बमोजिमको तालिका बनाएर अनुमति लिने र सो को जानकारी नगरपालिकामा पेस गर्ने:

| क्रसं | कक्षा | विद्यार्थीको नाम थर | रोल नं | अभिभावकको | | |
|---|---|---|---|---|---|---|
| | | | | नाम थर | सहमति भएको कक्षा सञ्चालन मोडल | हस्ताक्षर |
| १ | | | | | | |
| २ | | | | | | |

- अभिभावकले बिद्यालयमा पठन पाठन गर्न पठाउने विद्यार्थीलाई COVID 19 का लागी स्वास्थ्य मन्त्रालयले तोकेको मापदण्ड पुरा गराई मात्र पठाउन लगाउने र बिद्यालयले पनि COVID 19 रोकथामका मापदण्ड पुरा गर्न आवश्यक सेनिटाइजर, माक्स, ज्वरो मापन गर्ने थर्मल गन, समेतका सामग्रीको व्यवस्था गर्ने । साथै सामुदायिक विद्यालयले सावुन, सेनिटाइजर, माक्स ,ज्वरो मापन गर्ने थर्मल गनसमेतका सामग्री उपलब्ध गराइदिन नगरपालिकालाई अनुरोध गर्ने ।
- दशै तिहार पछि दोस्रो चरणको कार्यक्रम ल्याउने अथवा संङ्घीय सरकारले गरेको परिपत्र अनुसार विद्यालय संचालन हुने भनि नगरपालिकाले निर्णय गरेमा वा कोभिडको जोखिम मुल्याङ्कन गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन मोडालिटी परिवर्तन गर्न नगरपालिकाले निर्देशन दिएमा सो अनुसार गर्ने गराउने ।
- सामुदायिक तथा संस्थागत सबै विद्यालयहरूले प्रत्येक विद्यार्थीको व्यक्तिगत फायल खडा गरी अनलाईन तथा अफलाईन सिकाइ क्रियाकलापहरू सम्वन्धित विवरण व्यवस्थित गरी राख्ने र सो को आधारमा उनीहरूको सिकाइको मूल्यांकन गर्ने व्यवस्था मिलाउने ।
- निर्देशिका बमोजिम विद्यालयहरूले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कक्षा सञ्चालन गर्न कार्य योजना तयरा गरी पेस गर्दा अनिवार्य रूपमा नेपाल सरकार एवम् विश्व स्वास्थ्य संगठनले तोकेको मापदण्ड कायम हुने शुनिश्चित गर्नु पर्नेछ ।

२) विद्यालय सञ्चालन हुने दिन एवम् पाठ्यक्रम अनुसार पाठ्यवस्तु संक्षेपिकरण गर्ने सम्वन्धमा:

पाठ्यक्रम विकास केन्द्रले तोके अनुसार पाठ्यवस्तु संक्षेपिकरण गरी कक्षा सञ्चालन गर्न विद्यालयले पेस गरेका योजनालाई २०७७ साल चैत्र २२ गते आइतबार देखि बार्षिक परीक्षा सञ्चालन गर्ने गरी २०७७ सालमा विद्यालय सञ्चालन हुने दिनको गणना गरी सोका आधारमा कक्षा १ देखि १० सम्मको विषयगत

पाठ्यवस्तु तयार गरी सिकाइ सहजिकरण कार्य योजना तयार गरी पेस गर्न संस्थागत विद्यालयको हकमा प्याव्सन र एनप्याव्सनका नगर अध्यक्षलाई नगर शिक्षा समितिको निर्णय अनुसार जिम्मेवारी दिइएकोले निजहरूले पेस गरेपछि नगरपालिकाले आवश्यक निर्णय लिने तर सामुदायिक विद्यालयको हकमा देहायका प्र.अ.हरूको संयोजकत्वमा हाललाई सबै सामुदायिक विद्यालयका सम्वन्धित विषय शिक्षकहरू सदस्य रहने गरी देहायका विषयको तदर्थ समिति गठन गरिएको छः

- तदर्थ समिति गठनः
  - अङ्ग्रेजी – प्र. अ. पुरूषोत्तम पहाडी, नेपाल राष्ट्रिय निर्माण मा.वि.
  - नेपाली– प्र. अ. तीर्थराज कोइराला, कान्ति भैरब मा.वि.
  - गणित – प्र. अ. राजकुमार वाईवा, वाल विकास मा.वि.
  - विज्ञान – प्र. अ. गणेश चन्द, गान्धि आदर्श मा.वि.
  - सामाजिक – प्र. अ. जयसिं चौधरी, आदर्श मा.वि.
- तदर्थ समितिको कार्यदिशः
  - उक्त तदर्थ समितिको पहिलो बैठकका सदस्यवाट कम्तिमा ९ सदस्य भएको विषयगत कार्य समिति गठन गर्ने,
  - तदर्थ समितिले २०७७ साल आश्विन भित्र विषयगत कार्यसमिति गठन गरी जानकारी गराउने तर विषयगत कार्यसमिति गठन गर्दा नियुक्तिको विषय वा अध्यापन गर्ने विषय शिक्षक मात्र संयोजक वा सदस्य रहने व्यवस्था मिलाउने,
  - १६ वटै सामुदायिक विद्यालयका प्रत्येक शिक्षक कम्तिमा एक विषयको विषयगत समितिमा रहने व्यवस्था मिलाउने,
  - इच्छाधिन विषयका शिक्षकहरू सम्वन्धित विषयसमूहको सदस्य रहने व्यवस्था गर्ने जस्तै इ.गणितकालागि अ.गणित समूह र अर्थशास्त्र, लेखा, स्वा.ज.वा. जस्ता विषयका लागि सामाजीक समूहमा रहने व्यवस्था मिलाउने,
  - विषयगत समितिले नगरपालिका अन्तर्गतका विद्यालयको शिक्षण सिकाइ क्रियाकलापमा एकरूपता ल्याउन पाठ्यक्रम अनुसार पाठ्यवस्तु संक्षेपिकरण गर्ने, विद्यालयस्तरमा नियमित रूपमा सञ्चालन हुने परीक्षा सम्वन्धी कार्य गर्ने र आवशयकतानुसार विषयगत शिक्षक तालिम छनोट एवम् सञ्चालन गर्न सिफारिस गर्ने,
  - विषयगत समितिको कार्य सञ्चालन एवम् व्यवस्थापन गर्न आवश्यक पर्ने कार्यविधि वनाउन नगरपालिकालाई अनुरोध गर्ने,
  - विषयगत कार्य समितिको बैठक बस्ने स्थान समय सम्वन्धित विषयगत समितको निर्णय बमोजिम हुने तर बैठक बस्नु पूर्व नगर शिक्षा शाखालाई जानकारी गराउने ।

फोन नं. (Tel. No.) ०१-४४५१२४२ (01-4451242)
०१-४४५०३५६ (01-4450356)
०१-४४५२००० (01-4452000)

# कागेश्वरी-मनोहरा नगरपालिका
# KAGESHWORI-MANOHARA MUNICIPALITY

नगर कार्यपालिकाको कार्यालय (Office of Municipal Executive)
डाँछी, काठमाडौं, नेपाल (Danchhi, Kathmandu, Nepal)
बागमती प्रदेश (Bagmati Province)

३) **सामुदायिक विद्यालयका शिक्षकहरूको छुट प्राविधिक ग्रेड सम्वन्धमा**

बिक्रम सम्वत् २०५७ साल साउन १ गते भन्दा अगाडी स्थायी नियुक्ति भइ सो मिति अगाडी नै न्यूनतम् १० महिने तालिम पुरा गरी प्रविधि ग्रेड पाएका शिक्षकहरूलाई सम्मानीत सर्वोच्च अदालतको निर्णय अनुसार हालसम्मको छुट प्राविधिक ग्रेड उपलब्ध गराउने प्रयोजनका लागि आवश्यक कागजात सहितको विवरण माग भइ आएकोले देहाय बमोजिमको विवरण र सो सम्वन्धित आवश्यक कागज प्रमाण मिति २०७७।०६।२० गतेसम्ममा पेस गर्न सम्वन्धित शिक्षकहरूलाई सूचना गरी सम्वन्धित विद्यालयले व्यहोरा प्रमाणित गरी पठाउने ।

| क स | सकेतासिटरोल नम्बर | शिक्षकको नाम | २०५७ साल साउन १ गते भन्दा अगाडीको | | | | | | वढुवा भएको भए | | प्राविधिक ग्रेड छुट भएको अवधि | | सम्वन्धित शिक्षकको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | शुरु स्थायी नियुक्ति मिति | तह | श्रेणी | तालिमको नाम | तालिम पुरा गरेको मिति | २०५७।१।१ देखि खाएको ग्रेड संख्या | तह | श्रेणी | देखि | सम्म | |
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | |

**छुट प्राविधि ग्रेड माग गर्नका लागि सम्लग्न गर्नु पर्ने कागताजहरू:**

क) २०५७ साल साउन १ गते अगाडिको स्थायी नियुक्ति पत्र

(ख) २०५७ साल साउन १ गते अगाडिको कम्तिमा १० महिने तालिम वा सो सरह पुरा गरेको प्रमाण

(ग) बढुवा भएको भए बढुवा नियुक्ति पत्र

(घ) पेन्सन वा उपदान लिएका भए सो को प्रमाण कागजात

(ङ) प्राविधिक ग्रेड छुट भएको अवधि खुलेको सम्वन्धित शिक्षकको निवेदन

४) **सामुदायिक विद्यालयको दरबन्दी मिलान सम्वन्धमा**

शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार २०७७ साल भाद्र मसान्तसम्म मिलान गर्न आवश्यक व्यवस्था मिलाउन मिति २०७७।४।२५ को कार्यपालिकाको निर्णय अनुसार शिक्षा समितिवाट पेस भएको कार्य योजना स्वीकृत भएकोमा हालसम्म तथ्याङ्क सङ्कलन, विद्यालयमा उपलब्ध कागज प्रमाणका आधारमा शाखावाट सत्यापान गरिएकोमा भाद्र ३ गते देखि ३१ गतेसम्म निषेधाज्ञा जारी गरेको र उपत्यका मेयर फोरमले हाललाई दरवन्दी मिलान कार्य रोक्न अनुरोध गरेको साथै शिक्षा तथा मानवस्रोत विकास केन्द्रले कार्तिक मसान्तसम्ममा मिलान गर्न अवधि थप गरेको हुँदा हाललाई कार्ययोजना अनुसार प्राथमिक तहको कार्य स्थगन गरिएको छ तर निम्न माध्यमिक तह र माध्यमिक तहमा हाल मौजुदा शिक्षक दरवन्दीका आधारमा शिक्षक कट्टा भइ पुलमा नरहने भएकोले नगरपालिका भित्रका विद्यालयमा मौजुदा शिक्षक दरवन्दीलाई शिक्षा नियमावली २०५९ को अनुसूची १२ बमोजिम

फोन नं. (Tel. No.) ०१-४४५१२४२ (01-4451242)
०१-४४५०३५६ (01-4450356)
०१-४४५२००० (01-4452000)

# कागेश्वरी-मनोहरा नगरपालिका
# KAGESHWORI-MANOHARA MUNICIPALITY

नगर कार्यपालिकाको कार्यालय (Office of Municipal Executive)
डाँछी, काठमाडौं, नेपाल (Danchhi, Kathmandu, Nepal)
बागमती प्रदेश (Bagmati Province)

दरवन्दीका आधारमा कुन कुन विषयका शिक्षक आवश्यक पर्ने हो मिति २०७७ आश्विन मसान्तसम्ममा नगर शिक्षा शाखामा सुझाव पेस गर्ने।

५) <u>तलव भत्ता भुक्तानी सम्वन्धमा</u>

यस नगरपालिकामा ससर्त अनुदानवाट तलव भत्ता पाउने गरी सामुदायिक विद्यालयको दरवन्दी राहत अनुदान कोटा वा प्राविधिक धार तर्फ हाल कार्यरत शिक्षक प्रशिक्षक एवम् कर्मचारीहरू सबैको नियमानुसार हुने तलव भत्ता हाल प्राप्त निकासावाट मासिक रूपमा सम्वन्धित शिक्षक प्रशिक्षक एवम् कर्मचारीहरूको व्यक्तिगत खातामा निकासा दिने भनि नगर कार्यपालिकाले निर्णय गरेकोले सामुदायिक विद्यालयहरूले आ आफ्नो विद्यालयमा कार्यरत सबै शिक्षक तथा कर्मचारीहरूको नेपाल बैङ्कमा रहेको हिसाव नं र स्थायी शिक्षकहरूको कर्मचारी सञ्चयकोष नं, सावधिक बिमा नं र नागरिक लगानीकोष नं र कट्टा रकम वा प्रतिशत स्पष्ट खुलाई नियमानुसार तोकिएका अन्य कागजातसहित प्रथम चौमासिक माग फाराम पेस गर्ने ।

६) <u>कार्यक्रम कार्यान्वयन सम्वन्धमा:</u>

सबै सामुदायिक विद्यालयहरूले नगरपालिका मार्फत प्राप्त गर्ने ससर्त अनुदान खर्च गर्दा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्थानीय र प्रदेश तहमा सशर्त अनुदान कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित <u>कार्यक्रम कार्यान्वयन पुस्तिका</u> आ.व.२०७७/७८ मा तोकिएको प्रक्रिया पुरा गरेर मात्र खर्च गर्ने गराउने ।

७) <u>संस्थागत विद्यालयले सिकाइ सहजिकरण शुल्क लिने सम्वन्धमा:</u>

- संस्थागत विद्यालयले **विद्यार्थी सिकाइ सहजिकरण निर्देशिका**, २०७७ समेतका आधारमा विद्यार्थी वर्गिकरण गरी सिकाइ सहजिकरण गर्ने आवश्यक व्यवस्था मिलाउने ।
- निर्देशिका अनुसार प्रत्यक्ष कक्षा सञ्चालन गर्ने भएमा नगरपालिकामा शुल्क प्रस्ताव पेस गरी स्वीकृत भए अनुसार शुल्क लिने ।
- अप्रत्यक्ष रूपमा अनलाईन माध्यमवाट कक्षा सञ्चालन गरेको भएमा अनलाईन कक्षामा सहभागी भएका विद्यार्थीहरूवाट गत शैक्षिक सत्र २०७६ का लागि स्वीकृत अन्य शीर्षकको शुल्क नलिइ मासिक ट्यूसन शुल्कको ५० प्रतिशत भन्दा बढी नहुने गरी मात्र लिने ।
- अनलाईन एवम् प्रत्यक्ष कक्षा समेत सञ्चालन गर्ने संस्थागत विद्यालयले शुल्क प्रस्ताव पेस गर्ने ।
- अनलाईन माध्यमवाट विद्यार्थीलाई सहजिकरण गर्ने विद्यालयले अनलाईन कक्षा सञ्चालन समय तालिका, युजर आइडी र पासवोर्डसमेत नगरपालिकालाई उपलब्ध गराउने ।

२०७७।६।१२

(विमल प्रसाद निरौला)
शिक्षा अधिकृत